# गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६२

गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६२" रहनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यादेश" भन्नाले गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२ संझनु पर्छ।

(ख) "महानिर्देशक" भन्नाले उद्योग विभागको महानिर्देशक संझनु पर्छ।

३. नाम दर्ता गराउन निवेदन दिनु पर्नेः (१) ऐनको दफा ३ बमोजिम गैर आवासीय नेपालीको हैसियतमा नाम दर्ता गराउन चाहने विदेशमा बस्ने नेपाली नागरिकले देहायको विवरण तथा कागजात संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) जुन मुलुकमा हाल बसोबास गरिरहेको हो सो मुलुकको प्रवेशाज्ञा समेत खुल्ने नेपाली राहदानीको प्रमाणपत्रको प्रतिलिपि,

(ग) विदेशमा कुनै पेशा व्यवसाय गरी बसेको भए आफूले गरिरहेको पेशा व्यवसाय, सो पेशा व्यवसाय विदेशमा दर्ता भएको व्यहोरा खुल्ने कागजात,

(घ) विदेशमा कुनै रोजगारी गरी बसेको भए रोजगारको विवरण, रोजगार दिने व्यक्तिको नाम र ठेगाना, रोजगार सम्बन्धी नियुक्तिपत्र, निवेदन दिनु भन्दा तत्काल अघिसम्म वा सम्बन्धित कागजात,

(ङ) कुनै अन्तराष्ट्रिय संघ सँस्थामा कार्यरत रहेको भए सो संघ सँस्थाको नाम, कार्यरत रहेको मुलुक, संघ सँस्थाले दिएको नियुक्ति पत्र तथा निवेदन दिनुभन्दा तत्काल अघिसम्म सो संघ सँस्थामा कार्यरत रहेको व्यहोरा खुल्ने कागजात,

(च) चालू वा गत आर्थिक वर्षमा कम्तीमा एकसय बयासी दिन नेपाल अधिराज्य बाहिर बसोबास गरेको कुरा खुल्ने कागजात।

(२) ऐनको दफा ३ बमोजिम गैर आवासीय नेपालीको हैसियतमा नाम दर्ता गराउन चाहने नेपाली मूलको विदेशी नागरिकले देहायको विवरण तथा कागजात संलग्न गरी अनुसूची २ बमोजिमको ढाँमा महानिर्देशक समक्ष निवेदन दिनु पर्नेछः-

(क) हाल बसोबास गरिरहेको मुलुक, बसोबास गरिरहेको ठाउँ तथा सो मुलुकको नागरिकता लिएको व्यहोरा खुल्ने कागजात,

(ख) हाल गरिरहेको पेशा व्यवसाय,

(ग) निजले नेपालको नागरिकता परित्याग गरी विदेशको नागरिकता लिएको भए नेपालको नागरिकता परित्याग गरेको प्रमाण,

(ग) निजको बाबु वा आमा वा बाजे वा बज्यै नेपालको नागरिक भएको कुराको प्रमाण।

(३) उपनियम (१) वा (२) बमोजिमको निवेदन साथ एकसय अमेरिकी डलर वा सो बराबरको नेपाली रुपैयाँ दस्तूर संलग्न गर्नुपर्नेछ ।

४. नाम दर्ता गर्ने: नियम ३ बमोजिम निवेदन प्राप्त हुन आएमा महानिर्देशकले निवेदनसाथ प्राप्त विवरण तथा कागजातहरु आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा नाम दर्ता गर्नुपर्ने देखिएमा निवेदकको नाम गैर आवासीय नेपालीको रुपमा दर्ता गर्नेछ ।

५. अभिलेख खडा गर्ने: (१) महानिर्देशकले नियम ४ बमोजिम दर्ता भएका गैर नेपालीको अभिलेख अनुसूची ३ बमोजिमको ढाँचामा खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख खडा गर्दा विदेशमा बस्ने नेपाली नागरिक र नेपाली मूलको विदेशी नागरिकको हकमा छुट्टा छुट्टै अभिलेख खडा गर्नु पर्नेछ ।

(३) यस नियमावली बमोजिम पेश गरेको कुनै विवरण फेरिएमा सम्बन्धित गैर आवासीय नेपालीले सो कुराको जानकारी महानिर्देशकलाई दिनु पर्नेछ र महानिर्देशकले त्यसरी प्राप्त जानकारी समेतलाई अद्यावधिक गरी राख्नु पर्नेछ ।

६. परिचयपत्र प्राप्त गर्न निवेदन दिनु पर्ने: (१) अध्यादेशको दफा ४ बमोजिम परिचयपत्र लिन चाहने गैर आवासीय नेपालीले नेपालमा बस्ने नेपाली नागरिक भए अनुसूची ४ बमोजिमको र नेपाली मूलको विदेशी नागरिक भए अनुसूची ५ को ढाँचामा महानिर्देशक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ पचास अमेरिकी डलर वा सो बराबरको नेपाली रुपैयाँ दस्तूर संलग्न गर्नु पर्नेछ ।

७. परिचयपत्र जारी गर्ने: नियम ६ बमोजिम निवेदन प्राप्त हुन आएमा महानिर्देशकले निवेदनसाथ प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा परिचयपत्र जारी गर्नु पर्ने देखिएमा विदेशमा बस्ने नेपाली नागरिकको हकमा अनुसूची ६ बमोजिमको र नेपाली मूलको विदेशी नागरिक भए अनुसूची ७ बमोजिमको ढाँचामा परिचयपत्र जारी गर्नेछ ।

८. परिचयपत्रको नवीकरण: (१) नियम ७ बमोजिमको परिचयपत्र प्राप्त व्यक्तिले आफ्नो परिचयपत्र नवीकरण गराउन चाहेमा अध्यादेशको दफा ४ को उपदफा (३) बमोजिम परिचयपत्र बहाल रहने म्यादभित्रै महानिर्देशक समक्ष अनुसूची ८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ पचास अमेरिकी डलर वा सो बराबरको नेपाली रुपैयाँ दस्तूर संलग्न गर्नु पर्नेछ ।

९. पूँजी नेपाल भित्र्याएको प्रमाणपत्र लिनुपर्ने: अध्यादेश बमोजिम नेपालमा लगानी गर्नको निमित्त पूँजी भित्र्याएपछि अनुसूची ९ बमोजिमको ढाँचामा सम्बन्धित बैंकबाट प्रमाणपत्र लिनु पर्नेछ ।

१०. रकम फिर्ता लैजान स्वीकृति लिनु पर्ने: (१) अध्यादेशको दफा ७ बमोजिम रकम फिर्ता लैजान लगानीकर्ताले देहायको विवरण तथा कागजात संलग्न गरी महानिर्देशक समक्ष निवेदन दिनु पर्नेछः-

(क) अध्यादेश बमोजिम लगानी गर्न पाएको स्वीकृति,

(ख) लगानी फिर्ता लैजाने सम्बन्धमा सम्बन्धित सँस्थाको सञ्चालक समितिको निर्णय,

(ग) कर चुक्ता गरेको प्रमाणपत्र,

(घ) गत आर्थिक वर्षको लेखा परीक्षण भएको बासलात,

(ङ) कुनै व्यक्ति वा सँस्थाको ऋण वा दायित्व चुक्ता गरेको प्रमाण,

(च) रकम फिर्ता लैजान प्रयोग गर्ने बैंक ।

(२) उपनियम (१) बमोजिमको निवेदन साथ पेश भएको विवरण तथा कागजातको जाँचबुझ गरी महानिर्देशकले निजले फिर्ता लैजान पाउने रकम खुलाई नेपाल राष्ट्र बैंकमा लेखी पठाउनेछ र नेपाल राष्ट्र बैंकले सो को आधारमा रकम फिर्ता लैजाने स्वीकृति दिनेछ ।

(३) निवेदकले फिर्ता लैजान चाहेको कुनै रकम फिर्ता लैजान नपाउने भएमा महानिर्देशकले सो को कारण सहित निवेदकलाई जानकारी दिनु पर्नेछ ।

११. जग्गा खरिद गर्न सक्नेः अध्यादेशको दफा ८ बमोजिम देहायको शर्त पूरा गर्ने नेपाली मूलको विदेशी नागरिकले निजको जीवनकालसम्म निजकै स्वामित्वमा रहने र निजको मृत्यूपछि प्रचलित कानून बमोजिम हुने गरी नेपाल अधिराज्यभित्र काठमाण्डौ उपत्यकाको नगरक्षेत्रमा भए २ रोपनीसम्म र अन्य क्षेत्रमा भए ५ रोपनीसम्म जग्गा खरिद गरी गृह निर्माण गर्न वा सोही बराबरको क्षेत्रफल भएको जग्गामा भएको आवास गृह खरिद गरी आफू र आफ्नो परिवार बसोबास गर्न सक्नेछः-

(क) कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी कम्पनीमा कार्यरत रही निवृत्तभरण पाएको, वा

(ख) यु.यस.डलर. १५०० वा सो भन्दा बढी मासिक आम्दानीको श्रोत भएको, वा

(ग) कम्तिमा यु.एस.डलर १ लाख बराबरको परिवर्त्य विदेशी मुद्रामा नेपाल अधिराज्यमा लगानी गरेको ।

तर यस दफा बमोजिम विदेशी मूलका नागरिकले प्राप्त गरेको आवाश सुविधा आफू स्वयमले प्रयोग गर्ने देखि बाहेक अन्य कुनै व्यक्तिलाई भवन वा जग्गा भाडामा दिने वा अन्य कुनै व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न पाउने छैन ।

## अनुसूची १

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## गैर आवासीय नेपालीको हैसियतमा नाम दर्ता गराउन दिइने निवेदन

श्री .........................................

...............................................

मैले देहायको विवरण तथा कागजात संलग्न गरी गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२ बमोजिम गैर आवासीय नेपालीको (विदेशमा बस्ने नेपाली नागरिक) रुपमा नाम दर्ता गराउन यो निवेदन गरेको छु।

१. निवेदकको,-

(क) नाम, थरः

(ग) नेपालको स्थायी ठेगानाः

(घ) बाबुको नाम, थर र ठेगानाः

(ङ) उमेरः

(च) नागरिकता प्रमाणपत्र नं., जारी मिति, जिल्लाः

(छ) नेपाली राहदानी प्रमाणपत्र नं., जारी मिति, जिल्लाः

२. हाल बसोबास गरिरहेको विदेशी मुलुकको,-

(क) मुलुकको नाम र ठेगानाः

(ख) सो मुलुकमा बसोबास गर्न शुरु गरेको मितिः (एकभन्दा बढी मुलुक भए क्रमशः उल्लेख गर्ने)

३. विदेशमा कुनै पेशा व्यवसाय गरी बसोबास गरिरहेको भए,-

(क) पेशा व्यवसायको विवरण (विदेशमा बस्दा गरेको पेशा व्यवसाय क्रमशः उल्लेख गर्ने):

(ख) हालको पेशा व्यवसाय दर्ता भएको मुलुक र स्थानः

(ग) औसत वार्षिक कारोबार (अमेरिकी डलरमा):

४. विदेशमा कुनै रोजगार गरी बसेको भए,-

(क) रोजगार सम्बन्धी विवरण (विदेशमा रहँदा गरेको रोजगार क्रमशः उल्लेख गर्ने):

(ख) हालको रोजगार दिने सँस्थाः

(ग) हाल रोजगार गरिरहेको ठाउँको ठेगानाः

(घ) हाल रोजगार गरिहेको सँस्थामा कहिले देखि कार्यरत भएको हो र कहिलेसम्म कार्यरत रहने हो सो अवधिः

(ङ) मासिक/वार्षिक पारिश्रमिक तथा अन्य सुबिधाः

५. कुनै अन्तर्राष्ट्रिय संघ सँस्थामा कार्यरत रहेको भए,-

(क) संघ, सँस्थाको नामः

(ख) कार्यरत रहेको मुलुकः

(ग) कार्यरत रहने स्थानः

(घ) कार्यरत रहेको अवधि र कहिले सम्म कार्यरत रहने हो सो अवधिः

(ङ) संघ सँस्थाबाट प्राप्त गर्ने पारिश्रमिकः

६. विदेशमा हासिल गरेको ज्ञान, अनुभव वा शीपः

७. नेपालमा लगानी गर्न इच्छा गरेको क्षेत्र र अनुमानित लगानीः

निवदेकको,-

नामः...............................

ठेगानाः............................

मितिः..............................

सहीः..............................

<u>संलग्न कागजातः</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. नेपाली राहदानीको प्रमाणपत्रको प्रतिलिपि
३. विदेशमा कुनै पेशा व्यवसाय गरी बसेको भए सो पेशा विदेशमा दर्ता सम्बन्धी कागजात
४. विदेशमा रोजगारी गरी बसेको भए सो रोजगार सम्बन्धी कागजात
५. कुनै अन्तराष्ट्रिय संघ सँस्थामा कार्यरत रहेको भए सो सँस्थाको नियुक्तिपत्र तथा हाल कार्यरत रहेको भन्ने व्यहोरा खुल्ने कागजात
६. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
७. अन्य

## अनुसूची २

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**गैर आवासीय नेपालीको हैसियतमा नाम दर्ता गराउन दिइने निवेदन**

श्री ........................................

..............................................

मैले देहायको विवरण तथा कागजात संलग्न गरी गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२ बमोजिम गैर आवासीय नेपालीको (नेपाली मूलको विदेशी नागरिक) रुपमा नाम दर्ता गराउन यो निवेदन गरेको छु ।

१. निवेदकको,-

(क) नाम, थरः

(ग) नेपालको नागरिकता परित्याग गरी गएको भए नेपालमा रहँदाको ठेगानाः

(घ) बाबुको नाम, थरः

(ङ) नेपालमा रहेको निजको निकटतम नातेदारको नाम, थर, ठेगाना र नाताः

(ङ) उमेरः

(च) नेपालको नागरिकता परित्याग गरेको भए नागरिकता नं., जिल्ला र परित्याग गरेको मितिः

(छ) बाबु, आमा, बाजे, बज्यै जो नेपालको नागरिक हो निजको नाम, थर, ठेगाना र नागरिकता नंः

२. हाल बसोबास गरिरहेको विदेशी मुलुकको,-

(क) मुलुकको नाम र ठेगानाः

(ख) सो मुलुकमा बसोबास गर्न शुरु गरेको मितिः (एकभन्दा बढी मुलुक भए क्रमशः उल्लेख गर्ने)

३. आफू बसोबास गरेको मुलुकमा हाल गरिरहेको पेशा व्यवसाय वा रोजगार गरी बसेको भए,-

(क) पेशा, व्यवसाय वा रोजगारको विवरणः

(ख) पेशा, व्यवसाय वा रोजगार गरिरहेको मुलुक र स्थानः

(ग) औसत वार्षिक कारोबार वा आम्दानी (अमेरिकी डलरमा)ः

४. विदेशमा हासिल गरेको ज्ञान, अनुभव वा शीपः

५. नेपालमा लगानी गर्न इच्छा गरेको क्षेत्र र अनुमानित लगानीः

निवदेकको,-

नामः..............................

ठेगानाः..............................

मितिः.......................

सहीः...............................

संलग्न कागजातः

१. हाल बसोबास गरिरहेको मुलुकको नागरिकता खुल्ने कागजात

२.	नेपालको नागरिकता परित्याग गरेको भए सो नागरिकता परित्याग गरेको प्रमाण

३.	बाबु/आमा/बाजे/बज्यैको नागरिकताको प्रमाणपत्र नं., जिल्ला वा निज नेपालको नागरिक भएको व्यहोरा खुल्ने कागजात

४.	हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति

५.	अन्य

# अनुसूची ३

(नियम ५ सँग सम्बन्धित)

## <u>गैर आवासीय नेपाली सम्बन्धी अभिलेख</u>

(विदेशमा बस्ने नेपालीको लागि)

### *(क) विदेशमा पेशा, व्यवसाय गरी बस्ने नेपालीको लागि*

| क.सं. | विदेशमा बस्ने नेपालीको | | | | | | हाल बसोबास गरिरहेको विदेशी मुलुकको | | विदेशमा गरिरहेको पेशा व्यवसाय सम्बन्धी विवरण | | | विदेशमा हासिल गरेको ज्ञान, अनुभव वा शीप | नेपालमा हालसम्म लगानी गरेको भए | | | | नाम दर्ता मिति | परिचय पत्र नं. | परिचयपत्र बहाल रहने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम,थर | नेपालको स्थायी ठेगाना | बाबुको नाम,थर र ठेगाना | उमेर | नागरिकता प्रमाणपत्र नं., जारी मिति र जिल्ला | नेपाली राहदानी प्रमाणपत्र नं., जारी मिति र जिल्ला | मुलुकको नाम र ठेगाना | सो मुलुकमा बसोबास गर्न शुरु गरेको मिति | पेशा व्यवसायको विवरण | पेशा व्यवसाय दर्ता भएको मुलुक र स्थान | औसल वार्षिक कारोबार | | परियोजनाको नाम | कूल लगानी | औसत वार्षिक कारोबार | कूल रोजगार | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

### *(ख) विदेशमा रोजगार गरी बस्ने नेपालीको लागि*

| क.सं. | विदेशमा बस्ने नेपालीको | | | | | | हाल बसोबास गरिरहेको विदेशी मुलुकको | | विदेशमा गरिरहेको रोजगार सम्बन्धी विवरण | | | | | विदेशमा हासिल गरेको ज्ञान, अनुभव वा शीप | नेपालमा हालसम्म लगानी गरेको भए | | | | नाम दर्ता मिति | परिचय पत्र नं. | परिचय पत्र बहाल रहने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम,थर | नेपालको स्थायी ठेगाना | बाबुको नाम,थर र ठेगाना | उमेर | नागरिकता प्रमाणपत्र नं., जारी मिति र जिल्ला | नेपाली राहदानी प्रमाणपत्र नं., जारी मिति र जिल्ला | मुलुकको नाम र ठेगाना | सो मुलुकमा बसोबास गर्न शुरु गरेको मिति | रोजगार सम्बन्धी विवरण | रोजगार दिने सँस्था | रोजगार गरिरहेको ठाउँको ठेगाना | हाल कार्यरत सँस्थामा रोजगार गरिसकेको र बाँकी अवधि | मासिक/वार्षिक पारिश्रमिक तथा अन्य सुविधा | | परियोजनाको नाम | कूल लगानी | औसत वार्षिक कारोबार | कूल रोजगार | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

## *(ग) कुनै संघ सँस्थामा कार्यरत नेपालीको लागि*

| क्र.सं. | विदेशमा बस्ने नेपालीको | | | | | | हाल बसोबास गरिरहेको विदेशी मुलुकको | | संघ सँस्थामा कार्यरत रहेको विवरण | | | | विदेशमा हासिल गरेको ज्ञान, अनुभव वा शीप | नेपालमा हालसम्म लगानी गरेको भए | | | | नाम दर्ता मिति | परिचय पत्र नं. | परिचयपत्र बहाल रहने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम,थर | नेपालको स्थायी ठेगाना | बाबुको नाम,थर र ठेगाना | उमेर | नागरिकता प्रमाणपत्र नं., जारी मिति र जिल्ला | नेपाली राहदानी प्रमाणपत्र नं., जारी मिति र जिल्ला | मुलुकको नाम र ठेगाना | सो मुलुकमा बसोबास गर्न शुरु गरेको मिति | संघ सँस्थाको नाम | कार्यरत रहेको मुलुक र स्थान | कार्यरत रहेको अवधि र थप काम गर्ने अवधि | संघ सँस्थाबाट प्राप्त गर्ने पारिश्रमिक | | परियोजनाको नाम | कूल लगानी | औसत वार्षिक कारोबार | कूल रोजगार | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

## (नेपाली मूलको विदेशी नागरिकको लागि)

| क्र.सं. | विदेशमा बस्ने नेपालीको | | | | | | | हाल बसोबास गरिरहेको विदेशी मुलुकको | | आफू बसोबास गरेको मुलुकमा गरिरहेको पेशा, व्यवसाय वा रोजगार | | | विदेशमा हासिल गरेको ज्ञान, अनुभव वा शीप | नेपालमा हालसम्म लगानी गरेको भए | | | | नाम दर्ता मिति | परिचय पत्र नं. | परिचयपत्र बहाल रहने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम,थर | नेपालको नागरिकता परित्याग गरी गएको भए नेपालमा रहँदाको ठेगाना | बाबुको नाम,थर | नेपालमा निजको निकटतम नातेदारको नाम,थर, ठेगाना र नाता | उमेर | नेपालको नागरिकता परित्याग गरेको भए नागरिकता नं., जिल्ला र पत्याग गरेको मिति | बाबु, आमा, बाजे, बज्यै जो नेपालको नागरिक हो निजको नाम, थर, ठेगाना र नागरिकता नं. | मुलुकको नाम र ठेगाना | सो मुलुकमा बसोबास गर्न शुरु गरेको मिति | पेशा, व्यवसाय वा रोजगारको विवरण | पेशा, व्यवसाय वा रोजगार गरिरहेको मुलुक र स्थान | औसत वार्षिक कारोबार वा आम्दानी | | परियोजनाको नाम | कूल लगानी | औसत वार्षिक कारोबार | कूल रोजगार | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची ४

(नियम ६ सँग सम्बन्धित)

### <u>गैर आवासीय नेपालीको परिचयपत्रका लागि दिइने निवदेन</u>

श्री .........................................

..............................................

मैले देहायको विवरण तथा कागजात संलग्न गरी गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२ बमोजिम विदेशमा बस्ने नेपाली नागरिकको रुपमा गैर आवासीय नेपालीको परिचयपत्र पाउन यो निवेदन गरेको छु ।

१. निवेदकको,-

(क) नाम, थरः

(ग) नेपालको स्थायी ठेगानाः

२. हाल बसोबास गरिरहेको विदेशी मुलुकको,-

(क) मुलुकको नाम र ठेगानाः

(ख) सो मुलुकमा बसोबास गर्न शुरु गरेको मितिः (एकभन्दा बढी मुलुक भए क्रमशः उल्लेख गर्ने)

३. विदेशमा हाल गरिरहेको पेशा, व्यवसाय वा रोजगारः

४. गैर आवासीय नेपालीको रुपमा नाम दर्ता गराएको मितिः

निवेदकको,-

नामः.............................

ठेगानाः.............................

मितिः.......................

सहीः...............................

<u>नोटः</u> निवेदनसाथ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति संलग्न गर्नु पर्नेछ ।

अनुसूची ५

(नियम ६ सँग सम्बन्धित)

गैर आवासीय नेपालीको परिचपत्रका लागि दिइने निवेदन

श्री ........................................

.............................................

मैले देहायको विवरण तथा कागजात संलग्न गरी गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२ बमोजिम नेपाली मूलको विदेशी नागरिकको रुपमा गैर आवासीय नेपालीको परिचयपत्र पाउन यो निवेदन गरेको छु।

१. निवेदकको,-

(क) नाम, थरः

(घ) बाबुको नाम, थरः

(ङ) नेपालमा रहेको निजको निकटतम नातेदारको नाम, थर, ठेगाना र नाताः

२. हाल बसोबास गरिरहेको विदेशी मुलुकको,-

(क) मुलुकको नाम र ठेगानाः

(ख) सो मुलुकमा बसोबास गर्न शुरु गरेको मितिः

३. विदेशमा हाल गरिरहेको पेशा व्यवसाय वा रोजगारः

४. गैर आवासीय नेपालीका रुपमा नाम दर्ता गराएको मितिः

निवेदकको,-

नामः.............................

ठेगानाः.............................

मितिः.......................

सहीः...............................

नोटः निवेदनसाथ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति संलग्न गर्नु पर्नेछ।

## अनुसूची ६

(नियम ७ सँग सम्बन्धित)

**गैर आवासीय नेपाली (विदेशमा बस्ने नेपाली नागरिक) को परिचय पत्र**

**गैर आवासीय नेपालीको (विदेशमा बस्ने नेपाली नागरिक)**
**परिचयपत्र**

फोटो

**परिचयपत्र नं.:**
नामः ............................
हाल बसोबास गरिरहेको मुलुक र ठेगानाः...............................
नेपालको स्थायी ठेगानाः...............................................
नेपाली नागरिकताको प्रमाणपत्र नं. र जिल्लाः
परिचयपत्र बहाल रहने मितिः.................................
सहीः....................................

परिचयपत्र जारी गर्ने अधिकारीको,-
नामः...................................
कार्यालयः................................
दर्जाः......................................
सहीः.....................................
मितिः................................

**अनुसूची ७**

(नियम ७ सँग सम्बन्धित)

**<u>गैर आवासीय नेपाली (नेपाली मूलको विदेशी नागरिक) को परिचय पत्र</u>**

**गैर आवासीय नेपालीको (नेपाली मूलको विदेशी नागरिक)**
**परिचयपत्र**

फोटो

**परिचयपत्र नं.:**
नामः ............................
हाल बसोबास गरिरहेको मुलुक र ठेगानाः...............................
नेपालको रहँदाको स्थायी ठेगानाः...............................................
राहदानी नंः...................................
परिचयपत्र बहाल रहने मितिः.................................
सहीः....................................

परिचयपत्र जारी गर्ने अधिकारीको,-
नामः...................................
कार्यालयः................................
दर्जाः......................................
सहीः....................................
मितिः................................

## अनुसूची ८

(नियम ८ सँग सम्बन्धित)

**<u>गैर आवासीय नेपालीको परिचयपत्र नवीकरणका लागि दिइने निवेदन</u>**

श्री ........................................

..............................................

म देहायको विवरण तथा कागजात संलग्न गरी आफ्नो गैर आवासीय नेपालीको परिचयपत्र नवीकरणका लागि निवेदन गर्दछु ।

१. निवेदकको नाम, थर र हाल बसोबास गरिरहेको ठाउँको ठेगानाः

२. विदेशमा बस्ने नेपाली नागरिक भए नेपालको ठेगानाः

३. हाल विदेशमा गरिरहेको पेशा व्यवसाय वा रोजगारः

४. गैर आवासीय नेपालीको रुपमा दर्ता भएको मितिः

५. परिचयपत्र नं र बहाल रहने मितिः

६. नवीकरणका लागि माग गरेको अवधिः

निवेदकको,-

नामः.............................

ठेगानाः.............................

मितिः.......................

सहीः..............................

<u>संलग्न कागजातः</u>

<u>विदेशमा बस्ने नेपाली नागरिक भए,-</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. नेपाली राहदानीको प्रमाणपत्रको प्रतिलिपि
३. विदेशमा कुनै पेशा व्यवसाय गरी बसेको भए सो पेशा विदेशमा दर्ता सम्बन्धी कागजात
४. विदेशमा रोजगारी गरी बसेको भए सो रोजगार सम्बन्धी कागजात
५. कुनै अन्तराष्ट्रिय संघ सँस्थामा कार्यरत रहेको भए सो सँस्थाको नियुक्तिपत्र तथा हाल कार्यरत रहेको भन्ने व्यहोरा खुल्ने कागजात
६. अन्य

<u>नेपाली मूलको विदेशी नागरिक भए,-</u>

१. हाल बसोबास गरिरहेको मुलुकको नागरिकता खुल्ने कागजात
२. नेपालको नागरिकता परित्याग गरेको भए सो नागरिकता परित्याग गरेको प्रमाण
३. बाबु/आमा/बाजे/बज्यैको नागरिकताको प्रमाणपत्र नं., जिल्ला वा निज नेपालको नागरिक भएको व्यहोरा खुल्ने कागजात
४. अन्य

## अनुसूची ९

(नियम ९ सँग सम्बन्धित)

**<u>गैर आवासीय नेपालीले नेपालमा लगानी गर्न पूँजी नेपाल भित्र्याएको प्रमाणपत्र</u>**

.................................. बैंक

..............................

......................, नेपाल

१. गैर आवासीय नेपालीको नाम, थर र ठेगानाः

२. गैर आवासीय परिचयपत्र नं.:

३. नेपालमा लगानी गर्ने उद्योग/कम्पनीको नामः

४. उद्योग/कम्पनीको (क) अधिकृत पूँजीः

(ख) चुक्ता पूँजीः

५. गैर आवासीय नेपालीले लगानी गर्ने (क) रकम

(ख) प्रतिशत

६. लगानीका निमित्त भित्र्याएको रकम (अमेरिकी डलरमा):

७. रकम नेपाल पठाउने विदेशी बैंकको नाम र पठाएको मितिः

उपर्युक्त बमोजिम विदेशी मुद्रा यस बैंकमा जम्मा भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने अधिकारीको,-

नामः..............................

दर्जाः.............................

सहीः.................................

मितिः...............................

<u>बोधार्थः</u>

श्री ५ को सरकार उद्योग विभाग ।

सम्बन्धित उद्योग/कम्पनी ।